# मदनकाजी शाक्यको सम्झना

● रामचन्द्र भट्ट



'भट्टजी, तपाईंले एउटा न्युजस्टोरी गर्नुभए निकै राम्रो हुन्थ्यो, धेरैसँग सम्बन्धित पनि छ यो विषय', स्वास्थ्य स्थितिको बारेमा सोध्न एक दिन बेलुका फोन गर्दा मदनकाजी शाक्यले भन्नुभयो ।

'के विषय होला सर त्यस्तो ?' -मैले जिज्ञाशा राखेको थिएँ । उहाँले भनेको विषय आमचासोको थियो, जो-कोही पनि प्रभावित हुने खालको । मैले उहाँलाई आश्वस्त पार्दै भनें- 'विषय निकै राम्रो हो सर, म यो विषयलाई रिपोर्टिङ गरेर पक्कै बाहिर ल्याउँछु ।'

उहाँले दिनुभएको विषय आफ्नो बिटभन्दा बाहिरको भएकाले मैले रिपोर्टिङ गर्न भ्याएको थिइनँ । पछि अर्को पटक टेलिफोनमा सम्पर्क हुँदा पनि मदनकाजी शाक्यले कुरा निकाल्नुभएको थियो । मैले रिपोर्टिङ गर्छु भनेर प्रतिबद्धता त जनाएँ तर मेरो रिपोर्टिङ पूरा नहुँदै शाक्य सर यो भौतिक संसारबाट बिदा भैसक्नुभएको खबर मलाई आयो, जुन कुरा सम्झँदा अहिले पनि मलाई निकै नमज्जा र पीडाबोध हुन्छ ।

मदनकाजी शाक्यसँग मेरो परिचय भएको २०५९ सालतिर हुनुपर्छ । त्यति बेला सञ्चारमन्त्री रमेशनाथ पाण्डे थिए, शाक्य मोबाइल सेवा निर्देशनालयको निर्देशक । मोबाइल टेलिफोन सेवा राजधानीमा मात्र सीमित रहेको अवस्थामा हेटौंडालगायत केही शहरमा मोबाइल विस्तार हुँदै थियो । त्यसको उद्घाटन कार्यक्रम मन्त्रालयमा राखिएको थियो । त्यही कार्यक्रमको रिपोर्टिङ गर्न पुगेको बेलामा उहाँसँग मेरो चिनजान भयो । तत्पश्चात् कार्यक्रम पर्दा मात्र नभई मोबाइल टेलिफोन, इन्टरनेट, इमेल आदिको बारेमा रिपोर्टिङ गर्ने क्रममा उहाँसँग प्रत्यक्ष र टेलिफोनमा बाक्लै सम्पर्क हुन थाल्यो ।

उहाँ मोबाइल सेवा निर्देशनालयमा हुँदा यति धेरै कामहरु भएका थिए कि त्यसको चर्चा गरिसाध्य नै छैन । मोबाइल टेलिफोनकै विषयमा हरेक २/३ महिनामा पत्रकार सम्मेलन आयोजना गरेर जानकारी दिइन्थ्यो । अर्थात् मिडिया र मदनकाजीबीच निकै बढी सम्पर्क हुने गरेको थियो त्यतिखेर । टेलिकमकै केही कर्मचारी भन्थे- 'मदनकाजी साह्रै अन्तरमुखी स्वभावका छन्, पत्रकारसँग नजिक हुन कत्ति पनि मन पराउँदैनन् ।' केहीले भन्थे- 'मोबाइलमा आएपछि मदनकाजीको स्वभावमा आकाश-जमिनको अन्तर आयो, पहिला पत्रकारको नजिक नै नपर्ने मान्छे पो हो त ।' जे भए पनि मदनकाजी नराम्रो, सोधेको कुराको जवाफ दिएन, फोन नै रिसिभ गरेन भन्ने पत्रकार त्यतिखेर प्राय: थिएनन् ।

जुन बेला राजा ज्ञानेन्द्रले सत्ता हातमा लिए त्यसपछि मोबाइल टेलिफोन बन्द नै गरियो । त्यति बेला मदनकाजी शाक्यको दौडधूपलाई मैले भुल्न सकेको छैन । आमजनचासोको विषय थियो मोबाइल सेवा कहिलेबाट फेरि सञ्चालन हुन्छ भन्ने । त्यसैले राति-राति फोन गरेर म सोध्थें । उहाँ सुस्केरा हाल्नुहुन्थ्यो । 'खै के हो, के हो ? आज पनि केही हुन सकेन', दिक्दारी भावमा उहाँको भनाइ हुन्थ्यो ।

तर एक दिन साप्ताहिक बिदामा थिएँ । उहाँको घरको टेलिफोन नम्बर मेरो टेलिफोनको कलरआइडीमा आयो । उहाँलाई मेरो घरको नम्बर थाहै थिएन । तर पनि अफिसबाट लिएर फोन गर्नुभएको रहेछ । त्यतिखेर राति ९ बजिसकेको हुँदो हो, अत्यन्तै खुशीको भावमा उहाँले भन्नुभयो- 'अब केही दिनमै पोस्टपेड मोबाइल चल्ने भयो तर प्रिपेड भने केही समय अझै पछि जाला जस्तो छ ।' मैले तत्कालै आफू कार्यरत रहेको नेपाल समाचारपत्रमा त्यो समाचार टिपाएँ । भोलिपल्ट त्यो समाचार नेपाल समाचारपत्रबाहेक अरु कुनै पनि पत्रिकामा थिएन ।

मदनकाजी शाक्य र मेरोबीचमा उमेरको हिसाब गर्ने हो भने पनि २० वर्षको अन्तर थियो । म जन्मदा उहाँले आफ्नो इन्जिनियरिङको अध्ययन शुरु गर्नुभएको पनि दुई वर्ष भैसकेको हुनुपर्छ । तर पनि उहाँले एउटा सञ्चारकर्मीको रुपमा अत्यन्तै विश्वास गर्नुभएको जस्तो मलाई लाग्थ्यो । उहाँ जुन दिनसम्म मोबाइल सेवा निर्देशनालयमा

कार्यरत हुनुहुन्थ्यो, मोबाइल सेवाका विकाससम्बन्धी समाचारले राष्ट्रिय दैनिक पत्रिकाहरु, टेलिभिजनहरुमा स्थान पाइरहेको देखिन्थ्यो ।

मोबाइल सेवा निर्देशनालयबाट सरुवा भएर सञ्चालन तथा मर्मत-सम्भार विभागमा गएको साँझ उहाँले फोन गर्नुभयो र भन्नुभयो- 'म त सरुवा भएँ, कति एकै ठाउँमा बसिरहने ?' मलाई व्यक्तिगतरुपमा अलि खल्लो लाग्यो र सोचें- 'के खोज्न त्यस्तो वाहियात विभागमा गएको होला मोबाइलजस्तो चार्मिङ छाडेर ।' तर केही दिनपछि भन्दै हुनुहुन्थ्यो- 'बुझ्नुभयो भट्टजी, अब देशमा शान्ति कायम भयो, यो विभागमा जस्तो मैले मेरो क्षमता अन्त कतै देखाउन पाउँदिनँ, भत्केका संरचनाहरुको पुनर्स्थापना, नयाँ स्थानमा विस्तारजस्ता कामहरु अब व्यापकरुपमा हुन्छ, तपाईंहरुको सहयोग चाहिन्छ मलाई ।' २०६३ बैशाखको कुरा थियो यो । उहाँ साँच्चै अत्यन्तै उत्साहित पनि हुनुहुन्थ्यो । त्यसबीचमा केही स्थानमा रिपिटर टावर पुनर्स्थापना शुरु भएर एक महिनाभित्रै पूर्व र पश्चिमका केही स्थानमा टेलिफोन पनि चले । रसुवाको धुन्चेको लागि न्यौपानेचौरमा सर्वेको लागि टिम पठाइयो ।

तर अचानक उहाँ बिरामी हुनुभयो । उहाँको अफिसमा जाँदा बारम्बार मलाई भन्ने गर्नुहुन्थ्यो- 'अलि मोटाउनु पर्‍यो, साह्रै दुब्लो देखिनुभयो ।' म लाचार हाँसो हाँस्दै भनिदिन्थें- 'किन मोटाउनु पर्‍यो र सर, निरोगी भए पुग्छ मलाई त ।' मैले सोचेको थिएँ- उहाँजस्तो स्वास्थ्यलाई साह्रै ख्याल गर्ने व्यक्ति, अनि घरमा जीवनसाथी र छोरीसमेत डाक्टर भएका कारण जस्तै रोग भए पनि उहाँहरुको हेरचाहमा केही दिनमै निको हुन्छ । तर त्यहीबीचमा सिंगापुर, चीनमा उपचारको लागि लगेको सुनें ।

अप्रेसनपछि उहाँ फर्कनुभएको थाहा पाएपछि एक दिन साँझमा उहाँको घरमा फोन गरें । उहाँ निकै उत्साहित हुनुहुन्थ्यो । तर ३/४ महिना आराम गर्नुपर्ने डाक्टरहरुको सल्लाहअनुसार अफिस भने जान नमिल्ने रहेछ । नियमितरुपमा केमोथेरापी गरिरहेका कारण सामान्यतया बाहिरबाट मानिस जाँदा संक्रमण हुने सम्भावनाका कारण मेरो कार्यालयनजिकै उहाँको घर भए पनि उहाँलाई प्रत्यक्षरुपमा भेट्न जान सकिनँ । तर १५/२० दिनको अन्तरालमा टेलिफोनमा सम्पर्क भने भैराखेको थियो ।

उहाँसँग अन्तिम प्रत्यक्ष भेट भने उहाँकी छोरीको बिहेको भोजमा भएको थियो । र्‍याडिसन होटलमा राखिएको बिहेको भोजमा उहाँसँग भेट हुँदा स्वस्थ भैसक्नुभएको अनुभव मैले गरेको थिएँ । तर होइन रहेछ । जो मानिस केही गरौं भन्ने भावना बोकेको र इमानदार छ, ईश्वरलाई पनि त्यस्तै मानिसको शायद खाँचो पो हुँदोरहेछ क्यार । दशैं बाँकी छँदै उहाँले यस संसार छोड्नुभएको खबर पो पाएँ । टेकुको पचलीघाटमा टेलिकमका सयौं कर्मचारीहरु भेला भएर उहाँलाई बिदाइ गरेको खबर त्यस साँझ मात्र मैले पाएँ । टेलिकमका अधिकारीहरुमा सबैभन्दा निकट व्यक्ति एक्कासि बितेको कुरा सुन्नुपर्दा मेरो त दिमागले केही बेर सोच्न पनि सकेन । धेरैले फोन गरे आखिर सत्य नै रहेछ, शाक्य सरले संसार छोड्नुभएकै रहेछ ।

हो, भौतिक संसारमा जन्मेपछि मर्नु अस्वाभाविक होइन । तर उहाँमा नेपालको दूरसञ्चार क्षेत्रको लागि केही नवीनतम कार्य गरौं भन्ने ठूलो भावना थियो । एक दिन कुरैकुरामा टेलिकमका प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारले भन्नुभएको याद आउँछ- 'टेलिकमका



स्व. मदनकाजी शाक्य (बीचमा), प्रबन्ध निर्देशक सुगतरत्न कंसाकार (दायाँ छेउमा), बायाँ क्रमश पूर्व ना.प्र.नि. हरि कर्माचार्य र ना.प्र.नि. रामेश्वर कर्माचार्य

सबै एकसे एक सक्षम व्यक्तिहरु छन्, तर मेरो कार्यकालपछि एमडी हुने भनेको शाक्यजी नै हो ।' मलाई थाहा छ- आफ्नो काममा अत्यन्तै गम्भीर शाक्य बिहान ९ बजेनै पुल्चोकस्थित कार्यालय पुगिसक्नुहुन्थ्यो । अनि कहिलेकाहीँ फोन गर्दा राति ८/९ बजेसम्म पनि कार्यालयमै भेटिनुहुन्थ्यो ।

'मैले धेरै प्राविधिकहरुसँग संगत गरें तर शाक्यजी साह्रै प्रो-एक्टिभ प्रवृत्तिको हुनुहुन्थ्यो । तल्लो तहमा रहेर काम गर्दा पनि लगाए/अराएको भन्दा पनि आफैं चासो लिएर काम गर्ने व्यक्ति हुनुहुन्थ्यो', प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारको अनुभव छ । सातौं तहको सहायक कार्यकारी इन्जिनियरबाट उहाँ तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा प्रवेश गर्नुभएको थियो ।

२०६१ बैशाखमा त्यतिखेर नेपाल समाचारपत्रको शनिबार प्रकाशित हुने 'सौगात' को एउटा कोलम 'बैंसमा म' को लागि उहाँको बारेमा जानकारी लिन गएको थिएँ । उहाँले आफू काठमाडौंको शाक्य परिवारको भएको र आईएस्सीमा नेपालभरिबाट तेस्रो भएर छात्रवृत्तिमा भारतको जवलपुर विश्वविद्यालयमा अध्ययन गर्न गएको अनि घुम्ने क्रममा ताजमहल जाँदा गंगा वज्राचार्य (जो एमबीबीएस) पढ्न नेपालबाट जानु भएको थियो) सँग भेट भएर चिनजान भएको अनि निकटता बढेको कुराकानीसमेत गर्नुभएको थियो । तर अहिलेजस्तो त्यतिखेर प्रेम गर्नु र बाहिर आउनु निकै गाह्रो, त्यसमाथि एकातिर कट्टर शाक्य परिवार अर्कातिर त्यस्तै वज्राचार्य परिवार, निकै समय लागेर मात्र उहाँहरुको बिहे भएको रहेछ । मलाई उहाँहरुको त्यो विगत निकै रमाइलो लागेको थियो । मैले के महसुस गरेको थिएँ भने उहाँको त्यो विगत छापिएपछि झनै हामी नजिकिएका थियौं । किनकि उहाँका जीवनका हरेक आरोह-अवरोहहरुलाई उहाँले जानकारी दिनुभएको थियो ।

स्वर्गीय शाक्यको बारेमा नेपाल टेलिकम (त्यतिखेर दूरसञ्चार संस्थान) मा दुई पटकसम्म महाप्रबन्धक भैसक्नुभएका सुरेशकुमार पुडासैनीको भनाइ छ- 'उहाँहरु नयाँ हुनुहुन्थ्यो, हामी त्यतिखेर अलि पुरानै भैसकेका थियौं, धेरै कुराहरु शाक्यजीबाट मैले पनि सिकेको छु ।' शाक्य अध्ययन सकेर नेपाल फर्केपछि कामको खोजीमा लाग्नुभएछ । उहाँको इच्छा शाही नेपाल वायुसेवा निगममा जागिर खाने रहेछ । तर त्यहाँ सम्भावना नदेखेर एक दिन घुम्ने क्रममा साथीसहित दूरसञ्चार संस्थानको केन्द्रीय कार्यालय (हाल श्रम तथा यातायात व्यवस्था मन्त्रालय बसेको भवन) मा जानुभएछ । भऱ्याङ चढ्दै गर्दा सुरेशकुमार पुडासैनीसँग भेट भएछ । भरखरका केटाहरु देखेपछि पुडासैनीले सोध्नुभएछ- 'ए भाइ हो, कसलाई खोजेको ?'

'हामी जागिर खोज्दै आएको' -शाक्यले जवाफ दिनुभएछ ।

'कति पढेको छ, सबै प्रमाणपत्र लिएर भोलि आउनू', त्यतिखेर चिफ इन्जिनियर हुनुभएका पुडासैनीले भन्नुभएछ ।

भोलिपल्ट प्रमाण पत्र बोकेर पुग्नुभएका शाक्य त्यही दिनदेखि अर्थात् २०३३ भदौ २८ गतेबाट अस्थायी रुपमा सातौं तहको सहायक कार्यकारी इन्जिनियरको रुपमा नियुक्ति पाउनुभएको रहेछ । त्यतिखेर राम्रा, सक्षम व्यक्तिहरु बाहिर नजाऊन् भन्ने ढंगबाट दूरसञ्चारले जति पनि विदेशमा पढेर आएका इन्जिनियरहरु छन्, ती सबैलाई बोलाएरै जागिर दिने गरेको थियो । शाक्य अत्यन्तै क्षमतावान् र काममा प्रतिबद्ध व्यक्ति भएको कुरालाई पुडासैनी पनि दोहोऱ्याउनुहुन्छ । पुडासैनीको अनुभवमा सुगतरत्न कंसाकार, मदनकाजी शाक्य र शक्तिमान सिंहले नेपालमा पहिलो पटक सार्कको शिखर सम्मेलन हुँदा गरेको योगदानलाई कहिल्यै भुल्न सकिंदैन । नेपालमा पहिलो पटक सार्क सम्मेलन हुँदा शाक्य स्वीचिङ परियोजनाको प्रमुख हुनुहुन्थ्यो । त्यस क्रममा म्यानुअल स्वीचिङलाई पूरा डिजिटलाइज गरिएको थियो ।

स्वीचिङ परियोजनापछि शाक्य झन्डै २ वर्ष कम्प्युटर विभागमा पनि रहनुभएको उहाँका सहकर्मीहरु बताउँछन् । त्यस विभागमा प्रबन्धकको रुपमा रहँदा बिललाई कम्प्युटराइज गरिनुका साथै काठमाडौंमा जुनसुकै काउन्टरबाट पनि टेलिफोनको महसुल भुक्तानी गर्न सकिने व्यवस्था शुरु गरिएको थियो । तर त्यसपछि २०५७ देखि २०६३ को शुरु अर्थात् पाँच वर्षसम्म नयाँ सेवा निर्देशनालयमा निर्देशकको रुपमा रहँदा भएका कामलाई कसैले पनि भुल्न सक्दैन । अहिले देशभरि सर्वसाधारणले राति-रातिसम्म लाइन बसेर लिइरहेको प्रिपेड मोबाइल सेवाको शुरु, मोबाइलको महसुलमा व्यापक कटौती, ५६ जिल्लामा इन्टरनेट सेवा विस्तार, मोबाइलमा आगमन शुल्क कटौतीजस्ता कार्यहरु उहाँका कार्यकालका महत्वपूर्ण योगदान थिए ।

२०६३ बैशाख १४ गते नयाँ सेवा निर्देशनालयबाट सञ्चालन तथा मर्मत विभागमा सरुवा भएपछि केही कामको थालनी भने भएको थियो । तर उहाँले त्यसलाई आफैंले सम्हालेर सोचेअनुसार अगाडि बढाउने अवसर पाउनुभएन ।

मदनकाजी शाक्यको नाम लिनेबित्तिकै अहिले पनि टेलिकमका कर्मचारीहरुमा श्रद्धाको भावना रहेको मैले पाएको छु । 'सके भलो गर्ने र नसके कुभलो नगर्ने' उहाँको भावनाले पनि धेरै कर्मचारीहरु उहाँप्रति कृतज्ञ रहेको मैले पाएँ । बौद्धधर्ममा आस्था राख्ने शाक्यजस्ता टेलिकमका नक्षत्र अब केही समयको लागि अभाव हुने भने देखिएको छ, जसले कहिल्यै पनि व्यक्तिगत कामलाई भन्दा आफूलाई तोकिएको कामलाई प्राथमिकता दिएर पूरा गर्नुहुन्थ्यो । उहाँले टेलिकमलाई दिनुभएको योगदानलाई सञ्चारकर्मीको नाताले मैले अझै ल्याउन सकिनँ, यसमा दुःख लागिरहेको छ भने अर्कातर्फ उहाँले आफ्नो जीवनको उत्तरार्धतिर दिनुभएको विषयको रिपोर्टिङसमेत पूरा गर्न नपाएकोमा अहिले पनि मलाई निकै खल्लो महसुस भैरहेको छ । मलाई विश्वास छ- स्व. मदनकाजी शाक्यको योगदन नेपाल टेलिकमभित्र मात्र नभई नेपालको दूरसञ्चार क्षेत्रमा नै चिरस्मरणीय रहनेछ । ●